# स्थानीय राजपत्र

शुद्धोदन गाउँपालिकाद्वारा प्रकाशित

खण्डः११, भाग २, संख्या ०७, मिति २०८३ बैशाख १७ गते


## भाग-२

## शुद्धोदन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम शुद्धोदन गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

छात्रवृत्ति वितरण तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः२०८३/०१/१६
प्रमाणिकरण मिति:२०८३/०१/१७

शुद्धोदन गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक क्याम्पस तथा सामुदायिक, विद्यालयहरुमा अध्ययनरत अभिभावक विहिन, विपन्न तथा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीहरुको अध्ययन निरन्तरताका लागि छात्रवृत्ति व्यवस्थापन गर्न वाञ्छनिय भएकोले शुद्धोधन गाउँकार्यपालिकाले यो मापदण्ड स्वीकृत गरी जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः
(१) यस मापदण्डको नाम छात्रवृत्ति व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८३ रहेको छ ।
(२) यो मापदण्ड कार्यपालिकाले स्वीकृत गरी प्रमाणीकरण भएको मितिदेखि शुद्धोदन गाउँपालिकामा लागु हुनेछ।
२.परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः
(क) अध्यक्ष भन्नाले शुद्धोदन गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।
(ख) प्रमुख प्रशासकीय अधिकृत भन्नाले शुद्धोदन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।
(ग) शाखा प्रमुख भन्नाले शुद्धोदन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख कर्मचारी सम्झनु पर्दछ ।
(घ) विद्यालय भन्नाले शुद्धोदन गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ ।
(ङ) प्रधानाध्यापक भन्नाले शुद्धोदन गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्दछ

(छ) छात्रवृत्ति भन्नाले शुद्धोदन गाउँपालिकाले अध्ययन निरन्तरताका लागि व्यवस्थापन गरेको छात्रवृत्ति रकम सम्झनु पर्दछ ।

(ज) समिति भन्नाले शुद्धोदन गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ। ।

(झ) क्याम्पस भन्नाल शुद्धोदन गाउँपालिका भित्र सञ्चालित सामुदायिक क्याम्पस सम्झनु पर्दछ ।

३. छात्रवृत्ति वितरण सम्वन्धी व्यवस्थाः

(१) गाउँपालिकाले प्रत्येक वर्ष अभिभावक विहिन, विपन्न तथा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीहरुका लागि अध्ययनमा सहजीकरण गर्न छात्रवृत्ति वितरण गर्न सक्नेछ ।

(२) गाउँपालिकाले छात्रवृत्तिं वितरण गर्नको लागि हरेक वर्ष आवश्यक वजेट ब्यवस्थापन गर्नेछ।

(३) शुद्धोदन गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक क्याम्पस वा सामुदायिक विद्यालयको कक्षा ११ र १२ अध्ययन गर्ने विद्यार्थीहरुले छात्रवृत्ति प्राप्त गर्न सक्नेछन् । तर शुद्धोदन गाउँपालिका भित्र अध्ध्यापन नहुने विषय अध्ययन गर्ने विद्यार्थी गाउँपालिका बाहिरका सामुदायिक विद्यालय वा क्याम्पसमा अध्ययन गरको भए पनि छात्रवृत्ति प्राप्त गर्न सक्नेछ ।

(५) छात्रवृत्ति ब्यवस्थापनका लागि गाउँ शिक्षा समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

(६) छात्रवृत्ति वितरण गर्दा क्याम्पस, विद्यालयमा बुझाउनु पर्ने शुल्कको अधिकतम पचास प्रतिशत रकम प्रदान गरिनेछ ।

(७) छात्रवृत्ति प्राप्त गर्नको लागि गाउँ शिक्षा समितिले तोकेको समय भित्र सम्बन्धित विद्यार्थीले अनुसुची १ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

४. छात्रवृत्ति नपाउने अवस्थाः

देहायको अवस्थामा कुनै पनि विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्न सक्ने छैन ।

क. अन्य निकाय वा स्रोतबाट छात्रवृत्ति प्राप्त गरेको अवस्थामा ,
ख. अघिल्लो शैक्षिक सत्रको परीक्षा उत्तीर्ण गर्न नसकेको अवस्थामा ,
ग. गलत वा झुठो विवरण पेश गरेको प्रमाणित भएमा ।

५. बाधा अडकाउ सम्बन्धी व्यवस्थाः

यस मापदण्डको कार्यान्वयन सम्बन्धमा कुनै बाधा अडकाउ परेमा गाउँकार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

६. संसोधन तथा परिमार्जन

यस मापदण्डलाई आवश्यकता अनुसार संसोधन तथा परिमार्जन गर्न सकिनेछ ।

अनुसूचि १

दफा ३ को उपदफा (७) सँग सम्बन्धित

## १. विद्यार्थीको व्यक्तिगत विवरण

क्याम्पसको नामः........................................................ ठेगानाः........................................................

विद्यार्थीको नामः........................................................ कक्षा/तहः जन्ममितिः

**लिङ्गः** छात्रा छात्र **जातजातिः** दलित जनजाति ब्राह्मण क्षेत्री अन्य

**शारीरिक सक्षमताः** साङ्ग शारीरिक मनोसामाजिक बहिरा दृष्टि सम्बन्धी

स्वर बोलाई सम्बन्धी श्रवण दृष्टिविहिनता बहुअपाङ्गता

## २. घरपरिवारसँग सम्बन्धित

बुवाको नाम थरः.................................................... आमाको नाम थरः........................................................

अभिभावकको नाम थरः.............................................. अभिभावकको सम्पर्क नः................................................

जम्मा परिवार संख्या दाजुभाई संख्या दिदीबहिनी संख्या

दाजुभाई अध्ययन गर्ने विद्यालयको नामः यदि विद्यालय नजाने भए संख्याः

दिदीबहिनी अध्ययन गर्ने विद्यालयको नामः यदि विद्यालय नजाने भए संख्याः

## ३. शैक्षिक योग्यतासँग सम्बन्धित

बुवाको शैक्षिक योग्यताः निरक्षर ५ कक्षा वा सो भन्दा कम एस.इ.इ. भन्दा कम

एस.इ.इ. उत्तीर्ण कक्षा १२ उत्तीर्ण स्नातक वा माथि

आमाको शैक्षिक योग्यताः निरक्षर ५ कक्षा वा सो भन्दा कम एस.इ.इ. भन्दा कम

एस.इ.इ. उत्तीर्ण कक्षा १२ उत्तीर्ण स्नातक वा माथि

यस आ.व. मा कुनै छात्रवृत्ती पाए नपाएकोः पाएको नपाएको

यदी पाएको भए; छात्रवृत्तीको शिर्षक..............................

छात्रवृत्ती बापत पाएको रकम............................................

छात्रवृत्ती प्रदान गर्ने संस्थाको नाम.......................................

## ४. परिवारको आर्थिक अवस्था

गरीबीको परिचय पत्र पाएको भएः पहेलो हरियो निलो रातो

परिवारको मुख्य आयस्रोतः नोकरी कृषि भाडा वैदेशिक आय व्यापार

अन्य

पशुपंक्षी सम्बन्धी संख्यात्माक विवरणः गाई भैसी बाखा भेडा सुंगुर/वंगुर

हाँस कुखुरा अन्य

माछा पोखरी सम्बन्धी विवरणः पोखरी संख्या पोखरीको क्षेत्रफल

### ५. अन्य जानकारी

बस्ने घरः आफ्नै ☐ भाडामा ☐

घरको बाहिरी गाह्रोः बाहिरी भित्ता नभएको ☐ काँचो इँट्टा ☐ बाँस वा स्याउला ☐

माटोको जोडाइ ☐ सिमेन्टको जोडाइ ☐ काठ ☐ अन्य ☐

घरको छानोः खर/पराल/छवाली ☐ माटो ☐ जस्ता/टिन ☐ काठ/फ्ल्याक ☐

ढलान/सिमेन्ट ☐ टायल वा खपडा वा झिंगटी/ढुंगा ☐ अन्य ☐

चर्पीको व्यवस्थाः चर्पी नभएको ☐ सार्वजनिक चर्पी प्रयोग ☐ साधारण घरायसी चर्पी ☐

ढलमा जोडीएको फ्लस भएको चर्पी ☐ सेफ्टिट्यांकिमा जोडीएको फ्लस भएको चर्पी ☐

प्रकाशको व्यवस्थाः गोबर ग्याँस ☐ मट्टितेलको प्रयोग ☐ सोलार ☐ बिजुली ☐ अन्य ☐

पकाउने चुलोः स्टोप चुलो(मट्टीतेल) ☐ अगेना ☐ ग्यास चुलो ☐ माटोको चुलो ☐

धँवारहित सुधारीएको चुलो ☐ अन्य ☐

खानेपानीः खोला/इनार/कुवा ☐ मूल ☐ घरबाहिर पाइप ☐ घरआँगनभित्र पाइप ☐

ट्युबवेल/हाते पम्प ☐ अन्य ☐

टेलिफोनः तारफोन ☐ मोबाइल ☐ तारफोन तथा मोबाइल ☐

टेलिभिजनः केबलसहितको ☐ केबलबिनाको ☐ टेलिभिजन नै नभएको ☐

इन्टरनेट सेवाः डाटा इन्टरनेट ☐ केबल वा वाईफाइ ☐ इन्टरनेट नै नभएको ☐

### ६. स्थायी ठेगानासँग सम्बन्धित

प्रदेश ☐ जिल्ला ☐ स्थानिय तह ☐

वार्ड नं ☐

**माथि उल्लेखित विवरण ठिक साँचो छन् फरक परेमा कानुन बमोजिम सहुँला, बुझाँउँला।**

अभिभावकको नामः

दस्तखतः

निवेदक विद्यार्थीको नाम थरः

कक्षाः

क्याम्पस प्रमुखको नामः

दस्तखतः

हस्ताक्षरः

क्याम्पसको छापः

मितिः

<u>निवेदनमा संलग्न गर्नुपर्ने कागजातहरुः</u>

क. अघिल्लो कक्षा/सेमेष्टर/वर्ष उत्तीर्ण गरेको लब्धाङ्क पत्रको प्रमाणित प्रतिलिपि।

ख. नागरीकताको प्रमाणित प्रतिलिपि।

ग. स्थायी बसोबास गरेको वडा कार्यालयको स्थायी बसोबास खुल्ले सिफारिस पत्र।

**प्रमाणीकरण मिति : २०८३/०१/१७**

आज्ञाले,

लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
शुद्धोदन गाउँपालिका